# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गंगदी,दाङ
५ नं. प्रदेश, नेपाल

सूचना नं.१/२०७७/७८

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना
(दोस्रो पटक प्रकाशित मिति :- २०७७-०५-१६)

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्याक्रम) प.स २०७७।७८ च.नं. PMEP/२३ मिति २०७७।०४।१२ को पत्रानुसार यस राजपुर गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि मिति २०७७।४।२१ मा प्रकासित सूचना अनुसार मिति २०७७।५।१५ गते संचालन भएको परिक्षामा कुनैपनि उम्मेदवार सफल हुन नसकेकोले उक्त परीक्षा कार्यक्रम रद्ध गरी दोस्रो पटक यो सूचना प्रशासित गरिएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव :-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षक र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्नसक्ने आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

**२. दरखास्त दिने स्थान :-** राजपुर गाउँकार्यपालिकाको कार्यालय,गंगदी दाङ

**३.दरखास्त दिने अन्तिम मिति :- २०७७।०५।३०**

**४. आवेदन दस्तुतर :-** रु ४००

**५. छनौटको किसिम** :- प्रारम्भिक योग्तात्रमको सुची प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधा** :- गाउँपालिकामा र नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रिया को दफा (११),(१२)र(१३)बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नूपर्ने कार्यविवरण** :- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नोट : आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np & www.rajpurmundang.gov.np मा उपलब्ध छ ।